प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

(शासकीय सुधार तथा समन्वय महाशाखा)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं. ५ बुटवल

संख्या : ०७६/७७

चलानी नं : २३

मिति : २०७६/०४/१०

विषयः बार्षिक कार्ययोजना वैठक का निर्णयहरु पठाइएको सम्वन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय,
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री प्रदेश योजना आयोग,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय,
प्रदेश नं ५, बुटवल ।

दर्ता नं. २६०
मिति: २०७६।४।१५
भौतिक पूर्वाधार विकास मन्त्रालय
प्रदेश नं. ५, बुटवल, नेपाल

प्रस्तुत विषयमा मिति २०७६/०४/०२ र ०३ गते आयोजित आ. व. २०७६/७७ को नीति, कार्यक्रम र बजेट कार्यान्वयनसम्बन्धी वार्षिक कार्ययोजना छलफलमा माननीय मुख्यमन्त्रीज्यूले दिनुभएका निर्देशनहरु आवश्यक कारवाहीको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७६।०४।१०

केशव घिमिरे

अधिकृत सातौं

सादर अवगतार्थ

माननीय मुख्यमन्त्रीज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं ५ बुटवल।
श्रीमान प्रमुख सचिवज्यू, प्रदेश नं ५ बुटवल ।

श्री नरेन्द्र जी
Website मा अपलोड गर्नुहुन
४।१६

माननीय मुख्यमन्त्री श्री शंकर पोखरेलज्यूले आर्थिक वर्ष २०७६/७७ को नीति, कार्यक्रम र बजेट कार्यान्वयन सम्बन्धमा कार्ययोजना तर्जुमाका लागि २०७६/०४/०२ र ३ मा आयोजित छलफल कार्यक्रममा दिनुभएको निर्देशनहरु :

**<u>समष्टिगत निर्देशनहरु :</u>**

1) आ. व. २०७५/७६ को नीति कार्यक्रम तथा बजेट कार्यान्वयन शत प्रतिशत हुन नसकेपनि सन्तोषजनक रहेको छ । यस वर्ष नीति कार्यक्रममा उल्लेख गरिएका आयोजना तथा कार्यक्रमहरु अनुसार समयमै बजेट घोषणा भएकोले कार्यान्वयनमा तदरुकताका साथ जुट् नुपर्ने हुन्छ ।

2) गत वर्ष बजेट कार्यान्वयन गर्दा केही आयोजनाको लागत स्टिमेट, ठेक्का प्रक्रिया आदि आर्थिक वर्षको अन्त्यतिर पनि स्वीकृत भएकोले रकम खर्च हुन नसकेको हुनसक्छ ।यसैले यस वर्ष बजेटमा उल्लेखित साना आयोजना तथा कार्यक्रम ८ महिना (फागुन) भित्र सम्पन्न गर्ने प्रक्रिया अगाडि बढाउने । सडक कालोपत्रे गर्ने लगायतका कार्यक्रमका हकमा ठेक्का अवधि जेष्ठ मसान्तसम्म कायम गर्नेगरी आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

3) बहुवर्षीय क्रमागत आयोजनाका सम्बन्धमा सबै मन्त्रालयहरुले स्पष्ट मापदण्ड तयार गरी आयोजनाको लागत स्टिमेट, DPR समेतका आधारमा आयोजना अवधि निश्चित गरेर अगाडि बढ् ने । साथै, वहुवर्षीय आयोजनाको अभिलेख आ-आफ्नो मन्त्रालयले व्यवस्थित गर्ने।

4) कार्यविधि बनाएर कार्यान्वयन गर्नुपर्ने कार्यक्रमका हकमा सुरुको २ महिनाभित्र कार्यविधि बनाईसक्ने । सुरुमै कार्यविधि बनाउँदा त्यसमा देखिने अप्ठेरोहरुलाई समयमै समाधान गर्न सकिन्छ र कार्यक्रमको प्रभावकारिता बढ् छ ।

5) आयोजनाहरुको शीर्षक घटाउने क्रममा कतिपय आयोजनाहरुको शीर्षकले त्यसभित्रका कार्यक्रमहरुलाई नसमेटेको जस्तो देखिएको छ आगामी आ. व. मा त्यसलाई मिलाउने ।

6) प्रथम आवधिक योजनामा प्रदेशका १० वटा आयोजनालाई प्रादेशिक गौरवका आयोजनाका रुपमा पहिचान गरी ती आयोजनाहरुको कार्यान्वयनमा विशेष जोड दिने र लगानी सम्मेलन समेतलाई मध्यनजर गरी सबै मन्त्रालयहरुले आफ्नो क्षेत्रका गौरवका आयोजना पहिचान गर्ने । हाललाई प्रत्येक मन्त्रालयले यस्ता ३/३ वटा आयोजनाका दरले छनौट गरी प्रदेश योजना आयोगमा पठाउने ।

7) मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा आउने ज्ञापनपत्र तथा गुनासा, निवेदन, आयोजना तथा कार्यक्रमहरु माग आदिका सम्बन्धमा दिइएका निर्देशन अनुरुप कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयले विशेष ध्यान दिने ।

8) अनुदानमा आधारित कार्यक्रमहरु संचालन गर्दा कार्यक्रमको प्रभाकारिता, असर र प्रभाव समेतको विश्लेषण सहित कार्यविधिमै समेटी निर्णय गर्ने र निर्णय पछिको उत्तरदायित्व समेत वहन गर्नेगरी निर्णय प्रकृयालाई प्रभावकारी बनाउने ।

9) जिम्मेवारी हस्तान्तरण गर्दा सही ढङ्गले समयमै कार्य सम्पादन होस् भन्ने उद्देश्यले अभिमुखीकरण गरी हस्तान्तरण गर्ने।यस्ता अभिमुखीकरण कार्यक्रमहरु सबै मन्त्रालयहरुले शुरुवात गर्ने ।

10) प्रदेश निजामति सेवामा रहने कर्मचारीहरुको तहगत व्यवस्थापन कसरी गर्ने ? प्राविधिक र प्रशासनतर्फको खर्चको सीमा तोकी मापदण्ड बनाउने प्राविधिक कर्मचारीका साथसाथै प्रशासन सेवातर्फका कर्मचारीको क्षमता विकास र प्रोत्साहनका विषयहरुमा ध्यान दिने

11) गत आ.व. मा संचालित सेमिनार, गोष्ठी, अन्तरकृया जस्ता कार्यक्रमहरुमा भएको खर्चको आर्थिक मामिला तथा योजना मन्त्रालयले एकीकृत विवरण तयार गर्ने र यस्ता कार्यक्रमहरुलाई उत्पादनमूलक बनाउन जोड दिने ।

12) प्रदेश मन्त्रालय र मातहतका कार्यालयहरुबाट प्रवाह हुने सूचना प्रभावकारी बनाउन सबै मन्त्रालयले ध्यान दिने साथै, प्रदेशका कार्यालयहरुमा गुनासो सुन्ने संयन्त्रलाई प्रभावकारी बनाउने समयमै गुनासो सुनुवाई हुनेगरी संयन्त्रको विकास गर्ने र निश्चित गुनासो तथा उजुरीहरु सीधै सम्बन्धित मन्त्री तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा समेत प्राप्त हुने प्रणालीको विकास गर्ने ।

13) गत आ.व.मा संशोधित अनुमान अनुरुपको बजेट समेत पूर्णरुपमा खर्च हुन नसकेको स्थिति रहेको र विकास खर्च बृद्धि गरी समयमै आयोजना तथा कार्यक्रमहरु सम्पन्न गरी त्यसको प्रतिफल जनता समक्ष पु-याउने प्रमुख दायित्व रहेकाले विकास खर्चलाई कसरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा मन्त्रालयहरुले विशेष ध्यान दिने।यसका लागि मन्त्रालय तथा मातहतका सम्पूर्ण कार्यालयहरुले समेत कार्ययोजना र कार्यतालिका बनाएर कार्यान्वयन गर्ने

14) जनस्तरबाट आयोजनाहरुको निगरानीका लागि ठेक्का प्रणालीमा गईसकेपछि आयोजनास्थलमा आयोजनासम्बन्धी विवरण अनिवार्य राख्ने व्यवस्था गर्ने र उक्त विवरण वेबसाइटमा समेत राखी सार्वजनिक गर्ने व्यवस्था गर्ने

15) रणनीतिक महत्वका आयोजनाहरुलाई वार्षिक कार्यक्रमले मात्र नसमेट्ने अवस्थामा क्रमागत आयोजनाको रुपमा अगाडि बढाई संचालन गर्ने ।

16) वार्षिक कार्यक्रम तथा आयोजना छनोट गर्दा आवधिक योजनामा आधारित ७० प्रतिशत र मागमा आधारित ३० प्रतिशत छनौट गर्नेगरी मापदण्ड बनाउन सकिने हुन्छ

17) प्रदेशको प्राथमिकता बमोजिम सबै मन्त्रालयहरुले प्राथमिकताका क्षेत्रहरु तोकी सोही अनुसार आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने।तीन बर्षभित्र प्रदेशभरी सबैलाई खानेपानीको पहुँच पु-याउने लक्ष्य भएकाले अन्य कार्यक्रमबाट बढी भएको बजेटलाई खानेपानीको क्षेत्रमा छुट्याएर भएपनि लक्ष्य पूरा गर्नेतर्फ केन्द्रित हुने

18) मन्त्रालय वा निकायगत समन्वयलाई बलियो बनाई दुई वा बढी निकायहरुसंगको सहकार्य र सहयोगबाट सम्पन्न गर्नुपर्ने कार्यक्रम र आयोजनाहरुको हकमा समयमै ध्यान दिने ।

19) कार्यक्रम संचालन गर्दा छरितो प्रकृया अबलम्बन गर्ने।तर, विधि र मापदण्ड निर्माण र त्यसको परिपालनातर्फ समेत उत्तिकै ध्यान दिने ।

20) विगत वर्षको तुलनामा संभावना र आत्मविश्वासमा समेत वृद्धि भएकाले विगतको अनुभव समेतका आधारमा निकायगत प्रगति विवरण लिईकार्य सम्पादनका आधारमा पुरस्कृत वा दण्डित गर्ने प्रकृया प्रारम्भ गरी आयोजना कार्यक्रमहरु समयमै सम्पन्न गर्न अभिप्रेरित गर्ने प्रणालीलाई संस्थागत गर्ने।

21) आ.व. २०७५/७६ मा खर्च नभएको बजेट सरेन्डर गराइएको भए पनि यस आ.व.मा सरेन्डर गर्नु नपर्ने गरी समयमै रकम खर्च हुने व्यवस्था मिलाउने ।

## मन्त्रालयगत निर्देशनहरु

## 1) भ०ौतिक पूर्वाधार विकास मन्त्रालय:

1) सौर्य उर्जा लगायत अन्य बैकल्पिक उर्जा कार्यान्वयनका सम्बन्धमा विकट क्षेत्रका घर पहिचान गर्न पालिकाहरुलाई लेखी पठाउने र प्राप्त विवरण अनुसार निर्णय गरी अनुदानमा सोलार उपलब्ध गराउने प्रक्रिया अगाडि बढाउने ।

2) आयोजनाहरुको शतप्रतिशत प्रगति गर्नेगरी कार्यक्रम तथा बजेट बाँडफाँड एवम कार्यान्वयन गर्ने ।

3) सशर्ततर्फका आयोजनाको हकमा यो वर्ष सम्पन्न गर्न सकिने आयोजनाहरु र आवश्यक पर्ने थप रकम यकिन गरी त्यस्तो रकम निकासाका लागि केन्द्रमा लेखी पठाउने

4) आफ्नै भवन नभई भाडाको घरमा संचालित प्रदेशका सबै कार्यालयहरुको क्रमश: भवन निर्माणका लागि यसै आर्थिक वर्षदेखि आवश्यक कार्वाही थाल्ने

5) नवलपरासीको सुस्तामा लागू गरिएको जनता आवास कार्यक्रमलाई परिमार्जन गरी स्थानीय श्रमदान समेत हुनेगरी पर्यटकीय गाउँको रुपमा विकास गर्ने अवधारणा सहित काम अगाडि बढाउने ।यसो गर्दा आवश्यक रकम व्यवस्था गरी प्रदेशबाटै त्यहाँ वसोवास गर्ने तीन समुदायहरु आवद्ध गरी कम्तीमा ३/३ कोठा भएको भवन बनाई होमस्टेमा रुपमा संचालन गर्ने व्यवस्था मिलाउने ।

6) प्रदेश योजना आयोग र भौतिक पूर्वाधार विकास मन्त्रालयले छलफल गरी अधिकार सम्पन्न "**पूर्वाधार विकास प्राधिकरण**"को संरचना तथा कानून निर्माण र जिम्मेवारी निर्धारणको अवधारणा तयार गर्ने र यसै आ.व. मा उक्त प्राधिकरण स्थापना हुनेगरी व्यवस्था मिलाउने ।

7) प्रदेश गौरवका आयोजनालाई स्रोतको अभाव नहुनेगरी कार्यक्रम संचालन गर्ने । यस्ता कार्यक्रम बहुवर्षीय नै हुने भएकाले कार्यक्रम कार्यान्वयनमा रकम अपुग हुने भएमा पूर्व अनुमति लिई आयोजना संचालन गर्ने

8) सडक विस्तार गर्दा सम्बन्धित क्षेत्रका संघीय संसद एवम् प्रदेश सभाका सदस्यहरु र स्थानीय तहका जनप्रतिनिधिको रोहबरमा सो क्षेत्रका नागरिकसँग छलफल गरी घर टहरा हटाउने व्यवस्था गरी कार्य संचालन गर्ने ।

9) सडक विस्तार गर्दा विद्युत पोल हटाउने लगायत विद्युतसम्बन्धी अन्य विषयहरुमा छलफलका लागि माननीय मुख्यमन्त्रीसँग विद्युत प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतलाई बोलाई छलफल आयोजना गर्ने

10) बुटवल धागो कारखाना– चरङ्गे- झुम्सा सडकलाई २०७७ जेष्ठ मसान्तसम्म गाडी चल्नसक्ने अवस्थामा पु¬याउने गरी कार्य संचालन गर्ने

11) प्रदेश पहाडी मार्गमध्ये तम्घास – सन्धिखर्क र सुलिचौर – थवाङ्गका लागि आवश्यक बजेट विनियोजन गरी आयोजना अगाडि बढाउने

12) सन्धिखर्क गच्छे ढिकुरा धनचौर जलुके .भालुवाङ्ग सडक प्यूठान र दाङ्गको सीमानामा ल्याई जोड्नेगरी निर्माण कार्य अगाडि बढाउने

13) झोलुङ्गे पूल मर्मतका लागि निश्चित रकम बिनियोजन गरी हेरालुमार्फत मर्मत संभार गर्ने व्यवस्था मिलाउने

14) आयोजनाहरुको ठेक्का सम्झौता गर्दा निर्माण व्यवसायीलाई नियन्त्रण एवम समयमै काम गर्नुपर्ने शर्त राख्नुका साथै उत्प्रेरणाको पक्षलाई पनि ध्यान दिने

15) आयोजनाहरुमा आईपर्ने समस्याहरुलाई समयमै सम्बोधन गर्ने परिपाटीको विकास गरी कार्यान्वयन पक्षलाई विश्वसनीय एवम् प्रभावकारी बनाउने ।यस आ.व.मा शतप्रतिशत बजेट खर्च हुनेगरी कार्यक्रमहरु अगाडि बढाउने ।

## 2) सामाजिक विकास मन्त्रालय:

1) विद्यालय शिक्षासम्बन्धी कार्यक्रमहरु संचालन गर्दा शैक्षिक बर्ष प्रारम्भ नहुँदै अर्थात भर्ना अभियानको अवधिभित्रै सम्पन्न गर्नेगरी संचालन गर्ने ।
2) बहुप्राविधिक शिक्षालय निर्माण कार्यक्रमअन्तर्गत स्थापित विद्यालयलाई नै बहुप्राविधिक बनाउने गरी अगाडि बढ्ने यसबाट छिटो कार्यसम्पन्न गर्न सहयोग पुग्नुका साथै भएकै संरचनाको प्रयोग किफायती पनि हुनसक्छ
3) प्रदेश विश्वविद्यालय निर्माणका लागि छाता ऐन तयार गरी संचालन गर्ने ।विश्व विद्यालयको पठन पाठनका लागि आवश्यक पाठ् यक्रम निर्माण कानूनी एवम् संस्थागत व्यवस्था यही आ.व मा सम्पन्न गर्ने ।उक्त विश्वविद्यालयमा हाल प्रदेशभित्र पढाइ हुने नगरेका वा त्यस्तो विषय अध्ययन गर्न प्रदेशबाट विद्यार्थी बाहिरिने गरेका विशिष्टिकृत विषयहरुमात्र संचालन गर्ने
4) सामुदायिक क्याम्पसको गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास कार्यक्रमअन्तर्गत विद्यालय छनौट मात्र नभई चाहेको विषय पढाउन पाउने गरी प्राथमिकतासहित कार्यक्रम संचालन गर्ने र विद्यार्थी संख्या कम भएको वा अन्य कारणले चल्न नसकेका विद्यालयमा पूर्वाधार विकास नगर्ने ।
5) गाउँमा दिवा सेवा केन्द्र प्रभावकारी नहुने हुँदा शहरी क्षेत्र वा जनघनत्व बढी भएका स्थानमा मात्र संचालन गर्ने  प्रदेश आफैले यस्ता केन्द्र वा  संरचना चलाउने ढाँचामा जानु हुँदैन ।स्थानीय तहको समन्वयमा स्थानीय तहबाटै वा स्थानीय संघसंस्थाहरुबाट संचालन हुनेगरी जेष्ठ नागरिक ग्राम निर्माण तथा सञ्चालन गर्ने  यससम्बन्धी घोराही उ.म.न.पा को सफल उदाहरणबाट सिक्न सकिने
6) व्यवस्थापन र पूर्वाधार दुवै दृष्टिकोणबाट लुम्बिनी प्रादेशिक अस्पतालको सन्दर्भमा विस्तृत अध्ययन गर्ने । अस्पताल परिसर र वरीपरीको सार्वजनिक जग्गाको एकीकरण गरी एउटै कम्पाउण्डभित्र सबै सेवा उपलब्ध हुनेगरी प्रदेश गौरवका आयोजनाको रुपमा संचालन हुनेगरी अस्पतालको पुनसंरचनाको कार्य अगाडि बढाउने । समग्र व्यवस्थापकीय पक्षका साथै आकर्षक र कलात्मक रुपमा  बाहिरी र भित्री सजावट समेतलाई ध्यान दिने अस्पताल वरीपरीका सटर हटाउने । सेवा प्रवाहलाई वैज्ञानिक बनाउन के गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिने  आन्तरिक व्यवस्थापन सुधारका लागि तत्काल कार्य प्रारम्भ गर्ने ।अस्पतालका संरचनाहरु अस्पतालकै कार्यमा प्रयोग हुने र नि:शुल्क उपलब्ध हुने सेवा सुविधाहरुको वितरणमा ध्यान पुऱ्याउने ।
7) प्रदेशस्तरका अस्पतालहरुको निश्चित मापदण्ड तयार गर्ने, क्षमता र सेवाको निर्धारण गर्दै सबै ठाउँमा सबै विशेषज्ञ सेवा उपलब्ध गराउन संभव नहुने भएकाले हाल प्रदेशमा रहेका दुइवटा प्रादेशिक अस्पतालमा फरक फरक विशिष्टीकृत सेवा उपलब्ध गराउने गरी उपकरण, जनशक्ति र संरचनाको व्यवस्था गर्ने ।
8) जिल्ला अस्पतालमा साधारण चिकित्शा सेवा दिने मापदण्ड तयार गरी सोही अनुसार संचालनका लागि ध्यान दिने ।

9) प्रदेश विश्वविद्यालय स्थापना पश्चात यस क्षेत्रका सामुदायिक क्याम्पसहरुलाई यस विश्व विद्यालय मातहत ल्याउन प्रोत्साहन गर्ने नीति लिने

10) सामुदायिक क्याम्पसलाई अनुदान दिंदा विज्ञान, कानून, व्यवस्थापन र प्राविधिकमध्ये कुनै एक विषय संचालन गर्ने क्याम्पसलाई प्राथमिकता दिने ।

11) अपाङ्गता भएका व्यक्ति, वेसहारा, हिंसा पीडित आदिलाई संरक्षण गर्न प्रदेशको तर्फबाट कार्यक्रम सञ्चालन गर्ने । एक स्थानीय तह एक अपाङ्गता सेन्टरको नीति अनुरुप कार्य अगाडि बढाउन सकिने संगठन तथा निकाय बनाउँदा अस्थायी प्रकृतिका अवैतनिक वा न्यूनतम रुपमा भत्ता उपलब्ध गराउने नीति लिने एवम् स्थानीय तहलाई नै परिचालन गर्ने ।

## 3) आन्तरिक मामिला तथा कानून मन०्त्रालयः

1) रोल्पा जिल्लाको कारागार नयाँ ठाउँमा सार्नेगरी कार्य अगाडि बढाउने हाल कारागार रहेको स्थानलाई अन्य तरिकाबाट उपयोग गर्न सक्नेगरी योजना बनाउने। अब बन्ने कारगारहरु खुला कारागारको अवधारणामा बनाउने

2) प्रदेश प्रहरी ऐन तथा सुरक्षासम्बन्धी ऐन तर्जुमाका लागि संघीय कानूनको व्यवस्था बमोजिम गर्नुपर्ने भएकोले संघीय कानून प्राप्त भएपछि मात्र अघि बढ् ने

3) सूचना प्रविधिसम्बन्धी काम आ.व.को शुरुदेखि नै प्रारम्भ गर्ने, यस आर्थिक वर्षमा विस्तृत तयारी गरी अर्को वर्षदेखि उक्त कार्य सम्पादन हुनेगरी कार्य संचालन गर्ने। विद्युतीय अभिलेख तथा त्यसको सुरक्षालाई प्राथमिकतामा राखी संचालन गर्ने

4) यो प्रदेश विपद् जोखिममा रहेकोले विपद् व्यवस्थापनको योजना बनाई योजनाबद्ध तवरले प्रदेशको विशेष भूमिका रहने गरी सम्भावित विपद् व्यवस्थापनको लागि अग्रिम तयारी गर्ने

5) स्थानीय तहमा निर्माण भइरहेका वहुउद्देश्यीय भवनलाई विपद् व्यवस्थापन केन्द्रको रुपमा विकास गर्न सकिने गरी योजना बनाउने विपद् व्यवस्थापनको क्षेत्रमा अन्तरमन्त्रालय समन्वय प्रभावकारी बनाउन एवम् क्षमता बृद्धि गर्नेगरी कार्य संचालन गर्ने

6) एम्बुलेन्स लगायतका सवारी साधन एवम् उपकरणहरुको अभिलेख एकीकृत गरी सूचना केन्द्रमा राख्ने व्यवस्था गर्ने । विभिन्न सूचना सहितको एकिकृत पुस्तिका वा बुलेटिन तयार गरी विभिन्न स्थानमा राख्ने ।

7) एक जिल्ला एक प्रहरी चौकीको सूत्र नबनाई आवश्यकतालाई आधार मान्ने । चौकी निर्माण गर्दा स्थानीय समुदायको साझेदारीमा निर्माण गर्न जोड दिने । बढी अपराध हुने स्थानहरुमा गाडी, मोटरसाइकल वितरणमा प्राथमिकता दिने ।

8) शहरी क्षेत्रमा हुने अपराधको नियन्त्रण गर्नका लागि सम्बन्धित उद्योग वाणिज्य संघ, स्थानीय तह र प्रदेश सरकार मिलेर सम्भावित स्थानहरुमा CCTV जडान गर्ने ।

9) ठूला उद्योग प्रतिष्ठानले अनिवार्य रुपमा CCTV जडान गर्नुपर्ने गरी मापदण्ड बनाउनुका साथै बहुमूल्य सामग्री रहेको स्थानमा एलार्मको व्यवस्था गर्ने ।

10) ट्राफिक प्रहरीका सन्दर्भमा सक्रियताका सँगसँगै पारदर्शिताका विषयहरुमा पनि ध्यान दिने ।

11) सडक सुरक्षाका सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय मिलेर काम गर्ने । आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सचेतनाका कार्यक्रमहरु तथा भौतिक पूर्वाधार विकास मन्त्रालयबाट निर्माणसम्बन्धी कार्यक्रम गर्नेगरी योजना बनाउने र उक्त काम पहिलो चौमासिकभित्रै सम्पन्न गर्ने

## 4) आर्थिक मामिला तथा योजना मन्ालय:

1) प्रदेशबाट गरिने अनुगमन मूल्याङ्कनमा दोहोरोपना हुन नदिन अनुगमन गर्दा योजना आयोगले प्रभावको अनुगमन तथा मूल्याङ्कनमा जोड दिने, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले वृहत आयोजना र सेवा प्रवाहको अनुगमनमा जोड दिने, आर्थिक मामिला तथा योजना मन्त्रालयले सशर्त अनुदान र समपूरक अनुदानबाट संचालन भएका आयोजनाहरुको अनुगमनमा ध्यान केन्द्रित गर्ने

2) यस मन्त्रालयको मुख्य ध्यान स्रोतको व्यवस्थापन र खर्चको व्यवस्थापनमा नै केन्द्रित रहनुपर्छ । स्थानीय सरकारको आर्थिक क्रियाकलापहरुलाई सहयोग पु¥याउने र स्थानीय तहबाट आएका प्रस्तावका सम्बन्धमा शीघ्र निर्णयको सुनिश्चितता गर्न पनि ध्यान दिनुपर्छ

3) कानून तथा कार्यविधि निर्माणमा आर्थिक मामिला तथा योजना मन्त्रलय्र र आन्तरिक मामिला तथा कानून मन्त्रालयले सहजीकरण र सहजता ल्याउनुपर्छ । प्रणाली विकासमा जोड दिदैं सहयोगी भूमिका निर्वाह गर्ने र सोही अनुसार कर्मचारीलाई अभिमुखीकरण गर्ने

4) प्रदेश लेखा नियन्त्रक कार्यालयको लेखा प्रणालीले कार्यक्रमगत भन्दा बढी निकायगत आम्दानी खर्च लेखांङकन गर्ने भएकोले आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशभरका आयोजना तथा कार्यक्रमहरु तथा सबै किसिमका अनुदानसम्बन्धी खर्च विवरण खुल्नेगरी छुट्टै अभिलेख व्यवस्थाको विकास गर्ने

5) प्रदेशको आफ्नै वैंकिङ्ग तथा वित्तीय क्षमता विकास नभइसकेकाले वैंकिङ्ग क्षेत्रका प्रादेशिक कार्यालयसँग परामर्श गरी प्रदेशमा लगानी प्रवर्द्धन गर्नका निमित्त समन्वय गर्ने वैंकिङ्ग क्षेत्रले Corporate Social Responsibility पूरा गरे नगरेको सम्बन्धमा अध्ययन गरी उनीहरुलाई त्यसप्रति प्रेरित गर्न के गर्न सकिन्छ ध्यान दिने

6) ब्याज अनुदानमा आधारित कार्यक्रमहरुका बारेमा वैंङ्कहरुले कसरी सहयोग गर्न सक्छन्, र प्रदेश सरकारसंग कसरी सहकार्य गर्ने भन्ने विषयमा बैंकहरुसंग छलफल गरी अवधारणा तयार गर्ने

7) आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश योजना आयोगले संयुक्त रुपमा यस प्रदेशमा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि कसरी Inspire गर्न सकिन्छ भन्ने सम्बन्धमा योजना तयार गरी कार्यान्वयन गर्ने

8) प्रदेशको लगानी बढाउने सम्बन्धमा कार्ययोजना तयार गर्ने र प्रदेश योजना आयोगसँग समन्वय गरी २०७६ फागुनभित्रै लगानी सम्मेलन सम्पन्न गर्ने

9) ल्याण्ड पुलिङ्गका माध्यमबाट प्रदेशको आम्दानी वृद्धि गर्ने सम्बन्धमा आवश्यक अध्ययन र अवधारणा तयार गर्ने

10) राजस्व वृद्धिका क्षेत्रहरु पहिचान गरी त्यसलाई व्यवहारमा अवलम्बन गर्नेतर्फ अगाडि बढ्ने । जग्गाको वास्तविक मूल्य सरकारी मूल्यांकनसंग मेल खाएको नदेखिएकोले त्यसलाई वस्तुपरक बनाउनका लागि आवश्यक कार्य गर्दा राजस्व वृद्धिको लागि सहयोग पुग्दछ ।त्यसैगरी राजस्व वृद्धिकै लागि उचित स्थान पहिचान गरी Business Complex स्थापना गर्ने ।

11) सवारी साधन व्यवस्थापन सम्बन्धमा ट्रिपरले तिर्ने कर र अन्य सवारीले तिर्ने कर एउटै हुनु भएन यसलाई पुनरावलोकन गर्ने

12) मनोरञ्जनका क्षेत्र –सिनेमाहल, हाटवजार, पार्क, मेला, लगायतका कृषिजन्य फार्महरुको प्रवेश गर्दा टिकटमा लगाइने मनोरञ्जन कर कानूनमा मात्र सीमित भएकोले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुसँग समन्वय गरेर कानून विपरित नहुने गरी संकलन गर्ने व्यवस्था गर्ने ।

13) घर तथा सार्वजनिक स्थलहरुमा झुण्ड् याइएको विज्ञापनलाई पनि करको दायरामा ल्याउन कार्यविधि बनाएर व्यवस्थित गर्ने ।अव्यवस्थित विज्ञापन पनि वातावरणीय प्रदुषण जस्तै हुने र दुर्घटना पनि निम्त्याउने भएकाले शुरुमा न्यूनतम शुल्क लिदै यसलाई प्रणालीमा आबद्ध गर्ने

14) विभिन्न कार्यालयहरुले लिने सेवा शुल्कहरुमा कसरी समानता कायम गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिने र निकायपिच्छे फरक फरक रहेको शुल्कलाई अर्को वर्षसम्म व्यवस्थित र वैज्ञानिक बनाउने गरी अगाडि बढ्ने

## 5) <u>उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय :</u>

1) सामुदायिक वन वा अन्य वन क्षेत्रको समस्या समाधान गर्ने निकाय उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय नै भएकोले वन क्षेत्रको जग्गा प्राप्तिको सन्दर्भमा देखिएका समस्या समधानमा मन्त्रालय गम्भीर हुनुपर्दछ आफ्नो मन्त्रालयका साथसाथै अन्य मन्त्रालयसंग सम्बन्धित आयोजना तथा कार्यक्रमहरुका लागि पनि वन क्षेत्रका जग्गा व्यवस्थापन गर्ने भूमिका खेल्ने ।

2) प्रदेशको विकासको आकांक्षा पूरा गर्ने र वातावरण पनि संरक्षण गर्ने दुवै हिसावले मन्त्रालयले कार्यक्रमहरु अगाडि बढाउने

3) प्रदेशको ५० प्रतिशत भूभाग वन क्षेत्रसंग सम्बन्धित रहेको, यस प्रदेशको मुख्य प्राकृतिक स्रोत वन भएको तथा धेरै जनशक्ती संलग्न भएको क्षेत्र भएतापनि प्रदेशले प्राप्त गर्ने वन क्षेत्रसंग सम्बन्धित आम्दानी न्यून रहेको छ त्यसैले कसरी वन क्षेत्रबाट बढी आम्दानी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा मन्त्रालयले कार्ययोजना तयार गरी प्रस्ताव गर्ने

4) वनको समष्टिगत अध्ययन गरी पर्यावरणीय सन्तुलन कायम गर्न चाहिने न्यूनतम क्षेत्र कति हो? र अन्य क्षेत्रलाई कसरी उपयोग गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गरी प्रदेशलाई पर्यापर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने हिसावले नीति तर्जुमा गरी प्रस्ताव गर्ने

5) पर्यावरणीय प्रणालीलाई जीवन्त राख्न वन क्षेत्रभित्र जलाशय बनाउने कार्यलाई प्रतिफल दिने हिसाबले ठूला जलाशयहरुमा केन्द्रित गर्ने र सोका लागि आवश्यक अध्ययन गरी कार्य अगाडि बढाउने

6) काठजन्य उत्पादन गर्दा वन क्षेत्रलाई ब्लकमा छुट्टाएर प्रयोग र उत्पादन गर्ने नीति ल्याउने ।सामुदायिक बनभित्र हरेक वर्ष उत्पादन र उपभोग गर्नसक्ने हिसावले Plantation गर्ने ।समुदायलाई एउटा एउटा क्षेत्र जिम्मा दिएर नमूना काम गर्न लगाउने ।

7) सामुदायिक बन क्षेत्रभित्र वन्यजन्तु संरक्षण गर्ने हिसावले पर्यटकीय क्षेत्र विकास गर्न सकिने । ब्लक अनुसार संरक्षणको लागि तारबार व्यवस्थित गर्ने ।
8) रुकुममा रेड पान्डा प्रजनन केन्द्र स्थापना गर्नेगरी कार्यक्रम अगाडि बढाउने
9) वनस्पति उद्यान विकासका लागि स्पष्ट अवधारणा सहित तयारी गर्ने
10) पर्यटनसंग सम्बन्धमा गत वर्ष थालिएका र हाल अधूरा कार्यक्रम वन डिभिजन कार्यालयहरुबाटै गराउने । नयाँ भौतिक संरचना बनाउदा भौतिक पूर्वाधार विकास मन्त्रालय विशेषत: शहरी विकास डिभिजनमार्फत गराउने र अन्य कतिपय कार्यहरु कार्यान्वयन गर्न निर्देशनालय र पर्यटन कार्यालयमार्फत गराउने गरी व्यवस्था मिलाउने
11) उद्योगसंग सम्बन्धित क्षेत्रमा काम गर्दा उच्च प्रतिफल दिने क्रियाकलापमा लगानी बढाउने गरी कार्यक्रम संचालन गर्ने र आन्तरिक र बाह्य दुवै लगानी प्रबर्द्धनको योजना बनाउने साथै, साना तथा घरेलु उद्योगसंग सम्बन्धित कार्यक्रमभन्दा पनि मझौला तथा ठूला उद्योग स्थापना तर्फ ध्यान दिने ।
12) **लुम्बिनी भ्रमण बर्ष 2076, नेपाल भ्रमण वर्ष २०२०र पर्यटन क्षेत्रको सन्दर्भमाः**

   1) लुम्बिनी भ्रमण बर्ष 2076 तथा नेपाल भ्रमण वर्ष, २०२०प्रदेशको सम्भावित पर्यटकीय क्षेत्रलाई चिनाउने महत्वपूर्ण अवसर भएकाले जिल्ला समन्वय समितिलाई समन्वय केन्द्र बनाएर निश्चित बजेट समेतको व्यवस्था गरी पालिकाहरुको सहभागितामा जिल्लास्तरीय समिति बनाउने र समितिलाई प्रचारप्रसार गर्नका लागि परिचालन एवम् प्रोत्साहित गर्ने ।
   2) लुम्बिनी क्षेत्रसंग जोडिएका सबै क्षेत्रहरुको विकास गर्न जरुरी छ त्यसैले हाललाई लुम्बिनीलाई नै केन्द्रित गरी अन्य स्थानको समेत समानुपातिक विकास हुनेगरी कार्य अगाडि बढाउने ।
   3) तिलौराकोट, रामग्राम लगायत सम्राट अशोकले स्तम्भ गाडेका दुईवटा ठाउँलाई राम्रो पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्नेगरी विकासको कार्य अगाडि बढाउने ।बुद्धका दुईवटा प्रतिमा स्थापना र रामग्राममा बुद्धकालीन सङ्ग्रहालय स्थापना गर्ने कार्य मोडेल प्रोजेक्टका रुपमा अगाडि बढाउने ।
   4) प्रदेशका १२ वटै जिल्लाको साँस्कृतिक संग्रहालयको रुपमा पाल्पा दरवार संङ् ग्रहालय रहेकाले यसलाई विशेष जोड दिएर अगाडि बढाउने सो संङ् ग्रहालयलाई समग्र प्रदेश प्रतिबिम्बित हुनेगरी विकास गर्ने । साथै, रोल्पामा युद्ध सङ्ग्रहालयको स्थापना कार्य अघि बढाउने
   5) यस मन्त्रालयले शहरी विकास निर्देशनालयसँग समन्वय गरी नवलपरासीको सुस्तामा नमूना पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने हिसावले अगाडि बढ्ने । सुस्तालाई नमूना होमस्टेका रुपमा विकास गर्ने । यसो गर्दा सीमा विवादको विषय पनि धेरै हदसम्म समाधान हुनसक्ने भएकाले तत्काल थालनी गर्ने

13) वन क्षेत्रभित्रै Eco Industrial Zone निर्माणका लागि स्थान पहिचान र अन्य तयारी कार्य अगाडि बढाउने ।

14) **अन्य विषयगत र आयोजनागत निर्देशनहरुः**

1) पूर्वी रुकुमको तकसेरालाई पहाडी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।गत वर्ष निर्माण शुरु गरिएका कार्य सम्पन्न गर्ने ।सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने हिसाबले **तक**मा होमस्टेको कार्यक्रम सुरु गर्ने ।
2) रुरु धार्मिक क्षेत्रको पर्यटकीय विकासको सम्बन्धमा
    - रुरु क्षेत्रमामहत्वपूर्ण पूर्वाधार सम्पन्न गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नेगरी कार्यक्रम बनाउने।स्थानीय जनसमुदायको सहकार्यमा उपयुक्त स्थानमा परम्परागत पीठ स्थापना गर्ने कार्यक्रम राख्ने साथै, रुरु क्षेत्रको संरक्षणका लागि मुख्य मन्दिरमुनी कालिगण्डकी नदीबाट तटबन्ध गरेर अग्लो पर्खाल बनाई सो बीचमा आकर्षक बगैचा समेत निर्माण गर्नेगरी कार्यक्रम बनाउने ।
3) नुवाकोटको गढीमा बन्ने सांस्कृतिक डबलीको डिपिआर उपयुक्त नदेखिएकोले त्यसलाई पुनरावलोकन गर्ने नुवाकोट बुटवल क्षेत्रको प्रमुख पर्यटकीय गन्तव्य हुनसक्ने स्थान भएकाले सोही अनुसार तयारी गर्ने
4) कपिलवस्तुमा बुद्धको प्रतिमा बनाउने कार्यमा प्रतिष्ठित कलाकारलाई संलग्न गराई प्रतिमा बनाउने कार्य अघि बढाउने
5) बुद्धकालिन परम्परामा आधारित कलाकार उत्पादन गर्नका लागि पाटनको स्वर्ण मन्दिरसंग समन्वय गरी काम गर्ने ।
6) अर्घाखाँची तथा गुल्मीमा कुमाले समुदायलाई लक्षित गरी सेरामिकका भाडा बनाउन प्रोत्साहित गर्ने ।
7) सडक सौन्दर्यीकरण कार्यक्रम:
    - सँधै कार्यक्रम राख्ने कार्यान्वयन नगर्ने परिपाटिको अन्त्य गर्ने ।
    - नगरपालिका क्षेत्रका लोकमार्गमा केन्द्रित गरेर सडक सौन्दर्यीकरण गर्ने ।
    - कम्तीमा नेपालगञ्ज, तुल्सीपुर, घोराही, भैरहवा, तिलोत्तमा र वुटवलमा सौन्दर्यीकरण अभियान सुरु गर्ने ।
8) मानव र बन्यजन्तु द्वन्द्ध व्यवस्थापन कार्य गर्दा आन्तरिक मामिला मन्त्रालयसंग समन्वय गर्ने

## 6) <u>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय :</u>

1) कृषि र पशुका सन्दर्भमा दीर्घकालीन रुपमा उत्पादकत्व वृद्धि हुने तथा निर्वाहमुखी पद्धतिबाट व्यावसायीकरण तथा व्यापारीकरण पद्धतिमा रुपान्तरित हुनेगरी कार्यक्रम संचालन गर्ने
2) गाउँगाउँमा अर्गानिक तरकारी उत्पादन प्रणालीलाई प्रोत्साहित गरी उत्पादनलाई बजारसम्म पु¬याउने प्रणालीको विकास गर्ने । यसका लागि निजी यातायात व्यवसायीसंग समन्वय गर्ने
3) अनुदानमा प्रदान गरिएका ढुवानीका साधन र कृषि उपकरणहरु सम्बन्धित कार्यमा प्रयोग भए, नभएको अनुगमन गर्ने।दुरुपयोग रोक्नका लागि सिजनमा मात्रै उपकरण दिने र अरु काममा प्रयोग गर्न नपाउने व्यवस्था कडाईकासाथ लागू गर्ने ।
4) प्रदेश सरकारले दिएको अनुदानबाट कृषकहरुलाई कृषि पेशातर्फ आकर्षित हुने वातावरण सिर्जना गर्ने र एकपटक अनुदान प्राप्त गरिसकेपछि पुन: अनुदानमै निर्भर हुने मानसिकतामा परिवर्तन गर्नेगरी कार्यक्रम संचालन गर्ने साथै, अनुदान रकम वास्तविक कृषक समक्ष पुग्ने सुनिश्चितता गर्ने ।

5) कृषिका कार्यकमहरुलाई गरिबी निवारणका कार्यक्रमसंग जोडेर सहकारीमार्फत गर्नेगरी कार्यक्रमको ढाँचा निर्धारण गर्ने
6) कृषि विषय अध्ययन गरेका व्यक्तिहरुलाई कृषिको आधुनिकीकरणमा लगाउन प्रेरित गर्ने र त्यसका लागि आवश्यक व्यवस्थापकीय प्रबन्ध सहित कार्यक्रम अगाडि बढाउने।यस सम्बन्धमा स्पष्ट ढाँचा बनाउने र विज्ञहरुसंग छलफल गरी अगाडि बढ्ने
7) निश्चित क्षेत्रलाई प्रदेशको मोडल क्षेत्रको रुपमा विकास गर्ने ।कृषिको विकासका लागि पकेट क्षेत्र बनाएर काम गर्ने ।
8) पाल्पा, गुल्मी र अर्घाखाँचीमा कफी खेतीलाई प्रोत्साहित गर्नेगरी कार्यक्रम अगाडि बढाउने तथा गुल्मीमा रहेको कफीको ब्रान्डलाई पुनर्स्थापित गर्ने ।
9) सिंचाइको संभावना कम भएका ठाउंमा रेशमखेतीमा जोड दिने । यसका लागि अध्ययन गरेर प्रक्रिया अगाडि बढाउने ।
10) पशुपालनतर्फ देहायबमोजिम गर्ने :
    1) उन्नत जातको पशुपालनमा केन्द्रित गर्ने एवम् नश्ल सुधारका कार्यक्रमहरु अगाडि बढाउने
    2) बाख्रा पालनसंग सम्बन्धित कार्यक्रमहरुमा मन्त्रालय केन्द्रित रहेको देखिएकाले उत्पादनलाई चाडपर्व केन्द्रित गरी संघीय राजधानी र अन्य प्रदेशमा निकासीलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने । कुखुरा पालनमा दाङ्ग उपत्यका प्राकृतिक हिसाबले बढी उपयुक्त भएको र सानो सहयोगले पनि कृषकहरुले राम्रो उत्पादन दिनसक्ने भएकाले त्यसतर्फ पनि जोड दिने । यसवर्ष कम्तीमा बाख्रा र कुखुरामा प्रदेशलाई आत्म निर्भर बनाई अन्यत्र निर्यात गर्नसक्ने प्रदेशको रुपमा अगाडि बढाउने गरी कार्यक्रम संचालन गर्ने
    3) पशु बधशालालाई आधुनिकीकरण र विशिष्टिकृत गर्ने उदाहरणका लागि नेपालगंजमा कुखुरा र बुटवलमा खशी बोकामा केन्द्रित गर्न सकिन्छ
11) गरिबी निवारणका लागि लक्षित कार्यक्रमअन्तर्गत स्वस्थकर उत्पादन हुने तरकारीमा जोड दिने। सोका लागि देहाय बमोजिम गर्ने :
    - लमही र राप्तीपारी तरकारीका लागि पकेट क्षेत्रको रुपमा विकास हुँदै गएकाले सो क्षेत्रलाई प्रोत्साहित गर्ने ।
    - घोराही उपमहानगरपालिकामा थारु महिलाले घरघरमा पुगेर तरकारी बेचबिखन गर्ने कार्य उदाहरणीय छ ।यस्ता कार्यलाई प्रोत्साहित गर्ने स्थानीय स्तरमा हुनसक्ने यस्तै प्रकृतिका साना कृयाकलापहरुलाई एकीकृत गरी कार्यक्रम संचालन गर्ने
12) गुल्मी लगायतका पहाडी जिल्लामा आलुखेती (जंगली समेत) लाई प्रोत्साहित गर्नेगरी कार्यक्रम अगाडि बढाउने ।
13) कृषि क्षेत्रका लागि प्रस्ताव गरिएको ब्याज अनुदान आर्थिक मामिला तथा योजना मन्त्रालयसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने । उक्त कार्यक्रम संभव भएसम्म कृषि विकास बैकमार्फत संचालन हुनेगरी अगाडि बढाउने

## 7) <u>मुख्य न्यायाधिवक्ताको कार्यालय :</u>

1) न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न सबै तहलाई उपयोगी हुने हिसाबले सामग्री प्रकाशन गर्ने ।
2) पहिलो चौमासिकमै न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सम्पन्न गर्ने ।

## 8) मुख्यमन्त्री तथा मन्त्रिपरिषद० को कार्यालय :

1) अन्तर मन्त्रालय सहकार्य गराउने कुरालाई जोड दिने । समस्या परेमा सामूहिक छलफल गर्ने, गराउने ।
2) प्रशासनिक खर्च र विकास खर्चको अनुपात तय गर्ने । गोष्ठी तथा बैठकको खर्चमा एकरुपता कायम गर्ने ।
3) सुशासन कायम गर्न सबै विधि र प्रक्रिया पूरा गर्ने र समयमै कार्यान्वयन गराउने ।
4) दण्ड, जरिवाना र पुरष्कारको स्पष्ट मापदण्ड तयार गर्ने
5) प्रदेशबाट प्रवाह हुने सेवाहरुका सन्दर्भमा जनस्तरमा कस्तो प्रभाव परेको छ? जनतालाई सन्तुष्टि दियो कि दिएन सोको मूल्यांकन गर्ने साथै खुशी मापनको ढाँचा बनाउने ।
6) मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम लागू भएका सबै पालिकाहरुबाट प्रतिवेदन लिई विश्लेषण गर्ने र आवश्यक सुधार गर्ने

## 9) प्रदेश योजना आयोग :

1) प्रथम आवधिक योजना कुन रुपमा कार्यान्वयन हुँदैछ भन्ने कुरामा ध्यान दिने
2) प्रदेशको विकास आयोजनाका समस्या के के हुन् पहिचान गरी समाधानका उपाय सिफारिश गर्ने सीमित साधन श्रोतको प्रयोगबाट असीमित आकांङ्क्षा पूरा गर्ने ढाँचामा कसरी अगाडि बढ्ने भन्ने कुरामा आयोगले जोड दिने ।
3) प्रदेशबाट संचालन हुने सबै तालिम एउटै बास्केटमा राखेर सञ्चालन गर्न नसकिने हुनसक्छ तर, छुट्टाछुट्टै रुपमा सञ्चालन गर्दा दोहोरोपन नहुने गरी संचालन गर्नु पर्दछ। त्यसैले प्रदेशका कार्यालयहरुले संचालन गर्ने विभिन्न किसिमका तालिमका लागि मार्गदर्शन बनाउने
4) आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगका बीच सघन संयोजन हुनु आवश्यक छ र लगानी प्रवर्द्धन गर्ने कुरामा आर्थिक मामिला तथा योजना मन्त्रालयले नेतृत्व लिनुपर्दछ । आवधिक योजनामा लक्षित भई विकास योजनालाई प्रभावकारी बनाउने कार्यमा प्रदेश योजना आयोग क्रियाशील रहने गरी कृयाकलापहरुलाई केन्द्रित गर्ने
5) मन्त्रालयहरुको वार्षिक कार्यक्रमको ढाँचा स्पष्ट हुनुपर्छ ।यसमा प्रदेश योजना आयोगले सहयोग गर्नुपर्छ ।
6) लगानी सम्मेलन सम्बन्धमा :
    1) परियोजना बैक स्थापना गर्ने ।लगानीको लागि उपयुक्त ३।३ वटा परियोजना प्रत्येक मन्त्रालयबाट माग गर्ने ।यसो गर्दा आयोजनाको पूर्व संभाब्यता अध्ययन मन्त्रालयबाटै गराउने र प्रदेश योजना आयोगले आवश्यक भए विज्ञ वा परामर्शदाताको सेवा लिई डि. पि. आर गर्ने व्यवस्था मिलाउने । साथै, लगानीकर्ताको नजरमा पर्ने परियोजना छनौट गर्ने ।
    2) परियोजनालाई साना, मझौला र ठूला आयोजनामा बर्गीकरण गरी छनौट गर्ने ।
    3) निजी क्षेत्र प्रत्यक्ष संलग्न नभएका तर, प्रदेशका लागि आवश्यक ठानिएका आयोजना छनोट गर्ने ।
    4) लगानीको वातावरण प्रदेश नं ५ मा छ भन्ने सन्देश दिनु आगामी लगानी सम्मेलनको मुख्य ध्येय हुनुपर्ने । आगामी फागुणभित्र लगानी सम्मेलन सम्पन्न गर्नेगरी समयमै सम्पूर्ण तयारी गर्ने ।

**सबै मन्त्रालय तथा निकायहरले** उल्लेखित निर्देशन कार्यान्वयन गर्ने । ती निर्देशन कार्यान्वयन गर्न प्राविधिक वा अन्य कारणले उपयुक्त हुने नदेखेमा समयमै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयलाई जानकारी गराउने ।

साथै, मन्त्रालयहरुले आफू अन्तर्गतका निर्देशनालय, डिभिजन तथा अन्य कार्यालयहरुलाई यस्तै तर विस्तृत कार्ययोजना बनाइ काम गर्न लगाउने र मन्त्रालयले त्यसकै आधारमा त्यहाँ कार्यरत कर्मचारीहरुको मूल्याङ्कन गर्ने व्यवस्था गर्ने । आगामी साउन १२–१४ सम्म गरिने समीक्षा बैठकमा गत आ.व मा संचालित कार्यक्रमबाट हासिल भएका उपलब्धी संभव भएसम्म परिणाम खुलाई प्रस्तुत गर्ने ।